# नेपाल गजेट

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १ ] काठमाडौं आषाढ १ गते २०१६ साल [ संख्या १

श्री ५ को सरकार

## कानून तथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्ब साधारण जानकारिको लागि प्रकाशित गरिएको छ ।

स्वस्तिश्री गिरिराज चक्रचूडामणिनरनारायणेत्यादि विविध विरुदावली विराजमानमानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा अति ओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐरामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्डमार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीर विक्रम जङ्गबहादुर शाह बहादुर शमशेर जङ्गदेवानाम् सदा समर विजयीनाम् ।

## २०१६ सालको ऐन नं. ३

### औद्योगिक विकाश करपोरेशनको गठन र व्यवस्था गर्न बनेको ऐन

नेपालको आर्थिक विकास गर्न अन्यथा सुलभ नहुने तर नेपालमा प्राइभेट उद्योगको अबस्थालाई सुधार्न र त्यसलाई आधुनिक करण गर्नु जरूरत हुँदा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आर्थिक र प्राबिधिक सहायता दिन सक्ने एउटा संस्थाको संस्थापनद्वारा प्राइभेट उद्योगलाई प्रोत्साहन तथा सहायता दिन आवश्यक भएको, र

उपरोक्त उद्देश्यहरू कार्यान्वित गर्न एउटा औद्योगिक विकाश करपोरेशन स्थापना गर्न आवश्यक भएकोले,

श्री ५ महाराजाधिराजबाट मन्त्रिपरिषदको सल्लाह अनुसार यो ऐन बनाई जारी गरि बक्सेकोछ।

# परिच्छेद–१

## प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :—(१) यस ऐनको नाम नेपाल औद्योगिक विकास करपोरेशन ऐन, २०१६ रहेकोछ।

[२] यो ऐन नेपाल भर मुलुकमा लागू हुनेछ।

[३] यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. परिभाषाः— विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

[क] "समिति" भन्नाले करपोरेशनको सञ्चालक समिति सम्झनु पर्छ।

[ख] "करपोरेशन" भन्नाले यस ऐन अन्तर्गत स्थापित भएको नेपाल औद्योगिक विकाश करपोरेशन सम्झनु पर्छ।

[ग] "विदेशी एजेन्सी" भन्नाले विदेशी सरकारमा वा त्यस्तो सरकारको एजेन्सी वा कुनै अन्तर्राष्ट्रिय संगठन वा विदेशी संस्था सम्झनु पर्छ।

[घ] "उद्योग धन्दा" भन्नाले कुनै व्यक्तिले, वा फर्मले, वा प्राइभेट लिमिटेड कम्पनी, अथवा जन साधारणले शेयर किन्नपाउने गरी व्यवस्था भएको पब्लिक लिमिटेड कम्पनीले, चलाएको औद्योगिक काम सम्झनु पर्छ।

[ङ] 'तोकिएको वा तोकिएबमोजिमको' भन्नाले दफा ३२ अन्तर्गत बनेको विनियमहरूद्वारा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ।

# परिच्छेद–२

## स्थापना, पुजी र प्रबन्ध

३. स्थापना, पूँजी र प्रबन्धः— [१] नेपाल औद्योगिक विकास करपोरेशनको नामले एउटा करपोरेशन स्थापित हुनेछ।

[२] करपोरेशन अवछिन्न उत्तराधिकारवाला एक संगठित संस्था हुनेछ। यो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ र यसले, यस ऐनको अधीनमा रही, सम्पत्ति प्राप्त गर्न सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिलिपि प्राप्त गरी मात्र लागू हुनेछ।

यसले आफ्नो नामबाट नालीश उजूर गर्न र यस उपर पनि सोही नामबाट नालीश उजुर लाग्न सक्छ ।

[३] श्री ५ को सरकारको स्वीकृति विना करपोरेशनको विघटन गर्न सकिने छैन ।

[४] करपोरेशनको केन्द्रीय कार्यालय काठमाडौंमा रहनेछ र नेपाल भित्र वा बाहिर शाखाहरू खोल्नु र एजेण्ट अथवा सम्बाददाताहरू नियुक्त गर्नु करपोरेशनको लागि कानूनी हुनेछ ।

४. शेयर, पूँजी र शेयर होल्डरहरू:—(१) करपोरेशनको अधिकृत पूँजी ने.रू. १००००००० एक करोड हुनेछ । सो रकमलाई सय सय रूपैयाँको एक लाख शेयरमा विभाजित गरिनेछ ।

(२) करपोरेशनको मूल धन [ सब्स्क्राइब्ड क्यापिटल ] समितिले समय समयमा निर्धारित गरे अनुसार हुनेछ र शेयरहरू निर्धारित गरिएको समयमा र तरिकाबाट वितरण गरिनेछ ।

तर सरकारको स्वीकृति बेगर विदेशीहरूलाई शेयर बिक्री गरिन छैन ।

(३) प्रत्येक शेयर अविभाज्य हुनेछ र सो शेयर लिने हरेक व्यक्तिले शेयर होल्डरहरूको साधारण सभामा एक मत दिन पाउनेछ ।

तर भुक्तानी मागिएको किश्ता (क:ख भनी) भुक्तान नगर्ने कुनै शेयर होल्डरले मत दिन पाउने छैन ।

(४) शेयर होल्डरहरूको दायित्व निजहरूले लिइराखेको शेयरको मूल्यको हदसम्म सीमित हुनेछ ।

५. शेयर पूँजीमा थप घट हुन सक्ने:—(१) करपोरेशनको अधिकृत पूँजी, समितिको सिफारिशमा साधारण सभाबाट स्वीकृत गरेको प्रस्तावमा निर्धारित भएको हद र प्रकारबाट श्री ५ को सरकारको पूर्व स्वीकृति लिई थप घट गर्न सकिन्छ ।

(२) करपोरेशनको पूँजीमा देहायको तरिकाबाट थप गर्न सकिन्छ ।

(क) प्रत्येक न.रू. १०० को अतिरिक्त शेयरहरू वितरण गरी,

अथवा

(ख) करपोरेशनको सम्पूर्ण जगेडा कोष अथवा त्यसको केही अंशलाई पूँजीमा परिणत गरी:—

तर नयाँ शेयरहरू वितरण गर्दा वर्तमान शेयरहोल्डरहरूलाई सो खरीद गर्ने अग्राधिकार हुनेछ, र

१६८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्पूर्ण जगेडा कोष वा त्यसको केही अंशलाई परिणत गरी शेयर पूंजीमा बृद्धि गरिएकोमा यसरी बृद्धि गरिएको नयाँ पूँजीलाई करपोरेशनको साधारण हिसाब खातामा जम्मा गरी राख्न सकिनेछ वा साधारण सभाबाट स्वीकृत भएको प्रस्तावमा निर्धारित शेयरहरूको अनुपातमा शेयरहरूको रकम बितरण गर्न सकिनेछ।

६. बण्ड निकाल्ने अधिकारः— ब्याज आउने भए वा नभए पनि र लाभांश आउने भए वा नभए पनि शेयर होल्डरहरूको साधारण सभामा स्वीकृत प्रस्तावमा ठेगान भए अनुसार करपोरेशनले बण्ड निकाल्न सक्नेछ।

७. अनुदान र ऋण लिने अधिकारः— करपोरेशनले आफ्नो पूँजी बढाउन ऋण लिन वा अनुदान स्वीकार गर्न सक्नेछ।

तर श्री ५ को सरकारको स्वीकृति नलिई करपोरेशनले कुनै बिदेशी एजेन्सीबाट ऋण लिन वा अनुदान स्वीकार गर्न सक्ने छैन।

८. व्यवस्थाः— करपोरेशनको सबै काम कारबाइको रेखदेख र निर्देशन समितिले गर्ने छ। करपोरेशनले साधारण सभामा ठहर भएबमोजिम गर्नु पर्ने गरी यो ऐनमा स्पष्ट लेखिए बाहेकका अरू काम कुराका सम्बन्धमा करपोरेशनलाई भएका सबै कर्तव्य र अधिकारहरूको प्रयोग तथा पालन समितिले गर्न सक्नेछ।

९. संचालक समितिः— (१) समितिमा जम्मा ४ चार जना संचालकहरू रहनछन्। ती संचालकहरू शेयर होल्डरहरूको साधारण सभामा निर्वाचित हुनेछन।

तर जम्मा शेयरहरू मध्ये सयकडा २५ वा सो भन्दा बढी शेयर श्री ५ को सरकारले लिइ राखेको अवस्थामा सोही अनुपात अनुसारको संख्यामा सचालकहरू श्री ५ को सरकारबाट मनोनीत हुनछन्।

(२) संचालकहरूको कार्य अवधि २ दुई वर्षको हुनेछ।

तर प्रथम बार रहने ४ चार जना संचालकहरू मध्ये २ दुई जना संचालकहरूले १ एक वर्षको अन्तमा गोला प्रथा द्वारा अवकाश लिनेछन।

(३) करपोरेशनको लागि अनुदान, ऋण अथवा अन्य रूपमा सहायता लिनको निमित्त श्री ५ को सरकारले कुनै बिदेशी एजेन्सी संग सम्झौता गरेको रहेछ र उक्त सम्झौतामा व्यवस्था गरिएको रहेछ भने, सो बिदेशी एजेन्सीले श्री ५ को सरकार संग परामर्श गरी सम्झौतामा तोकिए अनुसारका समिति सल्लाहकारहरू मनोनीत गर्न सक्नेछ र निज-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हरू मनोनित गर्ने बिदेशी सरकार अथवा एजेन्सीको राजीखुशीमा आफ्नो पदमा बहाल रहनेछन ।

तर कुनै समयमा पनि समितिमा चार भन्दा बढी मनोनीत समिति सल्लाहकारहरू हुने छैनन ।

(४) कुनै बिदेशी एजेन्सीबाट मनोनित समिति सल्लाहकारलाई मत दिने अधिकार बाहेक समितिका सबै सभाहरूमा भाग लिने र समितिका विचारार्थ प्रस्तावहरू पेश गर्ने समेत संचालकहरूलाई भए सरहका अरू सबै अधिकारहरू हुनेछन ।

१०. अयोग्यताः—देहाएको कुनै ब्यक्ति संचालक हुन सक्त ननः—

(क) ऋण तिर्न नसकी साहूको दामासाहीमा परेको ब्यक्ति, वा

(ख) बौलाहा वा मानसिक सन्तुलन रहित ब्यक्ति, वा

(ग) नैतिक पतन देखिन फौज्दारी अभियोगमा दोषी साबित भएको ब्यक्ति, वा

(घ) समितिको अध्यक्षको पद बाहेक करपोशनको अरू कुनै पद ग्रहण गरेको ब्यक्ति ।

११. संचालकलाई पदबाट हटाउन सकिनेः— (१) समितिले देहायको अवस्थामा कुनै संचालकलाई पदबाट हटाउन सक्छ ।

(क) दफा १० मा उल्लिखित कुनै अयोग्यताको अवस्थामा पन गएमा, वा

(ख) समितिको अनुमति नलिई समितिको सभामा लगातार तीन पटक भन्दा बढी अनुपस्थित भएमा ।

(२) उपदफा (१) अन्तर्गत निकालिएको कुनै आदेश उपर कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन ।

१२. संचालकको पदत्याग र बीचबीचमा खाली हुने पदहरूको पूर्तिः- (१) कुनै संचालकले समितिलाई लिखित सूचना दिई आफ्नो पदबाट राजीनामा दिन सक्नेछ । राजीनामा स्वीकार भएपछि निजले पदत्याग गरेको मानिनेछ ।

(२) कुनै निर्वाचित संचालक वा समिति सल्लाहकारको पद मत्यू राजीनामा अथबा अरूनै कारणबाट खाली हुन आएमा समितिले उक्त पद पूर्ति गर्नको निमित्त कुनै उपयुक्त ब्यक्तिलाई निर्वाचन गर्न सक्नेछ र यसरी निर्वाचित भएको संचालकले वा समिति सल्लाहकारले आफ्नो साबिकवा-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लाको बांकी अवधिसम्म मात्र सो पद्मा बहाल गर्नेछ।

नोट: कुनै मनोनित संचालकको पद खाली हुन आएमा, उक्त संचालकलाई मनोनित गर्नेले नै सो खाली पदको पूर्ति गर्नेछ।

(३) समितिमा कुनै संचालकको स्थान रिक्त भई वा समितिको गठनमा कुन त्रुटीभई काम कारवाई भएको रहेछ भने ता पनि सोही कारणले मात्र त्यस्तो काम कारवाई बदर हुन सक्तैन।

१३. समितिको अध्यक्ष:— (१) समितिको पहिलो अध्यक्षको मनोनयन श्री ५ को सरकारबाट हुनेछ र शेयरहोल्डरहरूको प्रथम साधारण सभाको बैठक नहुन्जेल निज सो पद्मा बहाल रहने छन्।

(२) संचालक समितिले आफ्नो प्रथम बैठकमा समितिका सदस्यहरू मध्येबाट एक जनालाई अध्यक्ष निर्वाचन गर्नेछ।

(३) अध्यक्षले आफू संचालक रहुन्जेल अध्यक्ष भई काम गर्ने छ र पुनः संचालक निर्वाचित भएपछि पुनः अध्यक्ष निर्वाचित हुन सक्नेछ।

१४. संचालकको मेहनताना:–अध्यक्ष र संचालकहरुले पाउने मेहनताना तोकिए बमोजिमको हुनेछ।

१५. संचालक समितिको सभा:— (१) तोकिएको स्थान र समयमा समितिको सभा बस्ने छ र त्यस्तो सभामा तोकिए बमोजिमको कार्यविधि अपनाइने छ।

(२) समितिमा तत्काल कायम रहेका सदस्यहरूको कूल संख्याको आधी भन्दा बढी सदस्यहरू सभामा उपस्थित भएमा समितिको कोरम पुगेको ठहर्छ र सभा भ सकेपछि कोरम नपुगेको देखिएमा सभालाई स्थगित गरिने छ।

(३) तोकिए बमोजिम कार्य सूचि सहितको सभाको सूचना पठाइ बुझाइ सकेपछि मात्र सभा गर्न हुन्छ।

(४) प्रत्येक सभाको मिनटमा समितिको कारवाइको अभिलेख राखिनेछ। जसमा अध्यक्ष वा निजको अनुपस्थितिमा अध्यक्षता ग्रहण गर्ने व्यक्ति, सभामा उपस्थित रहेका समितिका सदस्यहरू र सचीवले हस्ताक्षर गर्नेछन्। कुन् सञ्चालकले कुन् बिषयमा कुन् पक्षमा मत दियो भन्ने कुरा प्रत्येक मिनटमा किटानसाथ लेखिनु पर्छ। सभाको कारबाईमा हस्ताक्षर गर्न नामञ्जूर गर्ने कुनै सदस्यले सचीव संग हस्ताक्षर नगर्नाको कारण जनाई स्मृतिपत्र बुझाउन सक्ने छ। त्यस्तो हरेक स्मृतिपत्र सम्बन्धित सभाको मिनट संग सामेल गरी राखिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) दफा ६ को उपदफा [३] अन्तर्गत मनोनित भएका कुनै समिति सल्लाहकारले समितिको सभामा समितिले गरेको निर्णयमा आफ्नो चित्त नबुझेमा सो चित्त नबुझेको कुरा समितिको सेक्रेटरीलाई लिखित रुपमा दिन सक्नेछ र सो कुरा सभाको माइन्यूट संग राखिने छ।

१६. <u>करपोरेशनको अफिसर र अरू कर्मचारी:</u>— आफ्नो कार्यहरूको कुशल सन्चालनको निमित्त आवश्यक देखिए जति अफिसर, सल्लाहकार र कर्मचारीहरू करपोरेशनले नियुक्त गर्न पाउनेछ र विनियमहरू द्वारा निजहरूको नियुक्ति तथा सेवाको शर्त र मेहनताना ठेगान गर्नेछ।

१७. <u>समितिको कर्तव्य र अधिकार:</u>— [१] समितिले यस ऐन अन्तर्गत आफ्नो कार्य सम्पादन गर्दा नेपालको उद्योग, वाणिज्य र जनहीतको ख्याल राखी व्यावसायिक सिद्धान्त अनुसरण गर्नु पर्छ।

(२) यस ऐनमा दिइएका अरू कुराहरूमा प्रतिकुल प्रभाव नपर्ने गरी समितिको कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

[क] समितिले बनाएको विनियममा तोकिए बमोजिम करपोरेशनको काम कारवाइको उचीत एवं उपयुक्त हिसाब किताब राख्ने, त्यसको रिपोर्ट समय समयमा दिने र करपोरेशनको व्यापारिक औद्योगिक, वित्तिय र आर्थिक स्थिति सम्बन्धी कुराहरूमा समितिको जवाफ देही हुनेछ।

[ख] शेयर होल्डरहरूको स्वीकृति लिई समितिले यस ऐनमा संशोधन गर्न श्री ५ को सरकारलाई सिफारिस गर्न सक्नेछ।

[ग] स्पष्ट रूपबाट आफैं संग सुरक्षित राखेका अधिकारहरू बाहेक करपोरेशनको कार्य संचालन र व्वस्था सम्बन्धी आफ्नो सबै अधिकारहरू समितिले करपोरेशनको कुनै अफिसरलाई वा निज मार्फत निजका अधिकृत सहायकहरू वा अरू कुनै व्यक्तिलाई सुम्पन सक्नेछ।

१८. <u>करपोरेशनको संचालक र कर्मचारी उपर प्रतिबन्ध:</u>— कुनै पनि संचालकले करपोरेशन सँग हुने कुनै लिखित ठेका पट्टामा साझेदार हुन सक्दैन

<u>स्पष्टिकरण:</u>— देहाएको अवस्थामा संचालक साझेदार भएको मानिनेछ

[क] करपोरेशन संग हुने ठेका पट्टामा निजको आफ्नै तर्फबाट वा आफ मेनेजिङ डाइरेक्टर वा एजेन्ट रहेको कम्पनीको तर्फबाट निजक नाम साझेदारको रूपमा सम्मिलित भएकोमा, वा

९७१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[ङ] यस ऐन अन्तर्गत पर्ने आफ्नो कर्तव्यहरूको पालन र अधिकारहरूको प्रयोग र यस ऐनका उद्देश्यहरूलाई कार्यान्वित गर्नलाई आवश्यक र त्यसको सिलसिलामा चाहिने सबै काम कुरा गर्ने।

२०. शर्तहरू राख्ने अधिकारः—(१) कुनै उद्योग धन्धासंग कारवाई गर्दा कर्पोरेशनले आफ्नो हितको संरक्षण गर्न र आफूले प्रदान गरेको सुविधा ठीक काममा लगाउन आवश्यक शर्तहरू राख्न सक्नेछ।

(२) उपदफा (१) अन्तर्गत लगाइएका शर्तहरू मध्ये उद्योग धन्धाको समितिमा एक वा बढी सञ्चालक कर्पोरेशनले नियुक्त गर्ने शर्त रहेमा नेपाल कम्पनी कानून वा प्रचलित नेपाल कानून वा उद्योग धन्धाको सम्बन्धमा लागू रहेको कुनै कागजपत्रमा जेसुकै लेखिएको भए तापनि सोही शर्त कायम रहनेछ।

२१ सम्झौता उल्लंघन गरेमा कर्पोरेशनको अधिकारः—(१) कुनै उद्योग धन्धाले सम्झौता अनुसार कर्पोरेशनलाई बुझाउनु पर्ने कुनै सापटि, पेश्की वा त्यसको कुनै किस्ता समयमा नबुझाएमा वा कर्पोरेशनसंग भएको सम्झौताको शर्तहरू पालन नगरेमा उक्त उद्योग धन्धाले कर्पोरेशनसँग धीतो बन्धकी जमानी राखेको सम्पत्ति कर्पोरेशनले बिक्री गरी असूल उपर गर्न सक्नेछ।

(२) उपदफा (१) अन्तर्गतको अधिकार प्रयोग गरी कर्पोरेशनले कुनै व्यक्तिको नाममा कुनै सम्पत्ति नामसारी गरेमा सम्पत्तिको मालिकसंग सोझै लिए सरहनै सो सम्पत्ति उपर सो व्यक्तिको अधिकार रहनेछ।

(३) यस दफा अन्तर्गत कुनै सम्पत्ति बिक्री गरी अथवा असूल उपर गरी आएको रुपैयां कर्पोरेशनले, अर्कै कुनै सम्झौता भैराखेकोमा बाहेक, प्रथमतः उपरोक्त बिक्री तथा असूल उपर गर्ने काममा लागेका खर्च दस्तूरमा र त्यसपछि कर्पोरेशनलाई तिर्न बाँकी रकम चुक्ता गर्नमा लगाइने छ र बक्यौता भएमा हकवालालाई दिइनेछ।

२२ सम्झौताको म्याद समाप्त हुनु अगावै ऋण भुक्तानको माग गर्ने अधिकारः—सम्झौतामा जेसुकै लेखिएको भए तापनि कर्पोरेशनले लिखित सूचनाद्वारा आफूले सापटी वा पेश्की दिएका उद्योग धन्धाहरूबाट देहायको अवस्थाहरूमा आफूले लिनु पर्ने जम्म ऋणको भुक्तानी माग्न सक्नेछ।

[क] सापटी वा पेश्कीको लागि उद्योग धन्धाले दिएको दरखास्तमा कुनै खास विषयमा झूठो र भ्रमात्मक विवरण दिएको छ भन्ने समितिलाई लागेमा अथवा

विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[ख] सापटी वा पेश्कीको विषयमा करपोरेशनसित गरेको ठेक्का पट्टाका शर्तहरू उद्योगधन्धाले पूरा गर्न नसकेमा, अथवा

[ग] उद्योग धन्धा आफू उपर रहेको कर्जा चुक्ता गर्न असमर्थ छ अथवा सो बापत त्यसलाई लिक्विडेशनमा पठाउने कारवाई हुन सक्छ भन्ने कुराको मनासीब कारण देखिएमा, वा

[घ] उद्योगधन्धाले सापटी वा पेश्कीको निमित्त धरौटीको रूपमा करपोरेशनसंग धीतो, जमानी र बन्धक राखेको सम्पत्ति करपोरेशनको चित्त बुझ्नेगरी इन्स्योर नगरेमा वा त्यस सम्पत्तिको मूल्यमा ह्रासभै समितिले आफूलाई चित्त बुझ्ने गरी थप धरौटी राख्नु पर्ने ठहऱ्याएकोमा त्यस्तो थप धरौटी नराखेमा।

२३. कानूनी कारवाई:-[१] आफ्नै तर्फबाट अथवा अरू कुनै व्यक्तिको तर्फबाट करपोरेशन वादी अथवा प्रतिवादी भएको कुनै मुद्दा मामिला अथवा अरू कुनै कानूनी कारवाई सर्वोच्च अदालत बाहेक अरू कसैले हेर्न सक्ने छैन।

[२] यस्तो प्रत्येक मुद्दा मामिला अथवा कानूनी कारवाईमा सर्वप्रथम सर्वोच्च अदालतको एकजना न्यायाधीशको बेञ्चले हेरी फैसला गर्नेछ।

[३] यस्तो मुद्दा मामिला अथवा कानूनी कारवाईमा सर्वोच्च अदालतको एकजना न्यायाधीशले दिएको फैसलाबाट मर्कापर्ने व्यक्तिले कानूनी बुँदालाई लिएर कुनै त्रुटि देखाई मात्र अपील गर्न पाउनेछ र त्यस्तो अपीललाई सर्वोच्च अदालतको तीनजना न्यायाधीशहरू भएको स्पेशल बेञ्चले हेरी निर्णय गर्नेछ।

[४] सर्वोच्च अदालतले यस दफाका उद्देश्यहरूलाई कार्यान्वित गर्न र विशेष गरी मुद्दा मामिलाको कारवाई तथा अरू कानूनी कारवाई गर्न र त्यसको फैसला उपर दिइएका अपील सुन्ने र निर्णय गर्ने कार्यविधि तोक्न नियमहरू बनाउन सक्नेछ।

[५] यस दफा अन्तर्गत कुनै मुद्दा अथवा कानूनी कारवाई चलाउँदा श्री ५ को सरकारको पूर्व अनुमति लिइमात्र गर्नु पर्छ।

# परिच्छेद ४

## कोषको लगानी, हर्हिसाव र अडिट

२४. करपोरेशनको कोष:-[१] करपोरेशनको एक छुट्टै आफ्नो कोष रहनेछ र ऋण र अनुदान लगायत करपोरेशनको सबै आमदानी सोही कोषमा जम्मा गरिने छ र सोही कोषबाट खर्च पनि गरिनेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[२] करपोरेशन कोषको सबै रकम नेपाल राष्ट्र बैंक, रिजर्भ बैंक. अफ इण्डिया बैंक. अफ इङ्गलेण्ड फष्ट नेशनल सिटी बैंक अफ न्यूयार्क वा समितिले तोके बमोजिम सो सरहका अरू प्रतिष्ठित बैंकहरूमा जम्मा गरिनेछन् ।

२५. नाफा बाँडने:- [१] करपोरेशनले एउटा जगेडा कोष स्थापना गर्नेछ ।

[२] करपोरेशनले असूल हुन शंका लाग्ने ऋण, सम्पत्तिको डेप्रिसिएशन तथा बैंकिंग कम्पनीले साधारण तथा व्यवस्था गर्ने अरू कुराहरूको प्रबन्ध गरिसकेपछि करपोरेशनले लाभांश घोषित गर्न सक्नेछ ।

२६. साधारण सभा:- [१] आश्विन महीनाको पहिलो सोमबारको दिन र सो दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट करपोरेशनको काठमाडौंमा प्रति वर्ष साधारण सभा [यसपछि वार्षिक साधारण सभा भनिएको गरिनेछ ] समितिले अरू जुनसुकै समयमा साधारण सभा बोलाउन सक्नेछ ।

[२] वार्षिक साधारण सभामा उपस्थित शेयर होल्डरहरूले वार्षिक हरहिसाव, करपोरेशनको वर्षभरीको कारवाई विषयमा समितिको रिपोर्ट र वार्षिक लाभ हानिको खाता [बेलेन्स सीट] र हरहिसाब बारे अडिटरको रिपोर्ट उपर छलफल गर्न सक्नेछ।

[३] सयकडा १० शेयर सम्म लिएका शेयर होल्डरहरूले लिखित निवेदन गरेमा समितिले शेयर होल्डरहरूको साधारण सभा बोलाउन पर्नेछ ।

[४] करपोरेशनले निकालेका जम्मा शेयर मध्ये एक चौथाई शेयर लिएका शेयर होल्डरहरू स्वयम् वा प्रतिनिधि पठाई उपस्थित भएमा साधारण सभाको कोरम पुग्ने छ।

[५] सभाको निर्णय उपस्थित शेयरहोल्डरहरू र प्रतिनिधिहरूको साधारण बहुमतको आधारमा गरिनेछ ।

[६] शेयरहोल्डरको प्रतिनिधि स्वयम शेयरहोल्डर हुनु आवश्यक छैन तर प्रतिनिधिले सभामा मत मात्र दिन पाउने छ ।

२७. अडिट:— [१] श्री ५ को सरकारबाट मान्यता दिएको योग्यता भएको अडिटरले करपोरेशनको काम कारवाई बारेको हरहिसाब जाँच्नेछ । उपरोक्त अडिटरलाई शेयर होल्डरहरूको साधारण सभामा एक वर्षको निमित्त निर्वाचित गरिनेछ ।

[२] अडिटरको मेहनताना साधारण सभाले तोके बमोजिम हुनेछ। [illegible]

[३] करपोरेशनको वार्षिक लाभ हानिको खाता ( वेलेन्स सीट ) र, स, सम्बन्धी भाउचरहरूको हिसाब किताब जाँच्ने कर्तव्य अडिटरको हुनेछ। हरेक अडिटरलाई करपोरेशनले राखेको सबै खाताहरूको सूची दिइनेछ। निजले जुनसुकै उचित समयमा करपोरेशनका सबै खाता म्याहा. स स्ता र अरू कागजातहरूको निरीक्षण गर्न सक्नेछ र सो सम्बन्धमा करपोरेशनको कुनै सचालक अथवा अफिसरलाई जांचगर्न सक्नेछ।

[४] अडिटरले वार्षिक लाभ हानिको खाता ( वेलेन्स सीट ) र हर हिसाब उपरको आफ्नो रिपोर्ट शेयर होल्डरहरूको सामुन्ने पेश गर्नेछ र करपोरेशनको वास्तविक परिस्थिति देखिने गरी सब आवश्यक कुराहरू स्पष्ट खुलाई ठीक संग वेलेन्स सीट तयार गरिएको छ छैन र समितिबाट कुनै स्पष्टीकरण अथवा सूचना मागेकोमा सो सन्तोषप्रद तरीकाबाट दिइएको छ छैन भन्ने समेत कुराको उल्लेख त्यस्तो रिपोर्टमा गरिनेछ।

[५] करपोरेशनको उचित प्रवन्धको निमित्त उपयुक्त लागेका प्रस्तावहरू अडिटरले पेश गर्न सक्नेछ र त्यसरी पेश गरिएका प्रस्तावहरू समिति र साधारण सभाको कार्य सूचिमा समावेश राखिनेछ।

[६] श्री ५ को सरकारले शेयर होल्डर र साहूहरूको संरक्षणको लागि करपोरेशनले उठाइराखेको कदमहरू यथेष्ट भए नभएको र करपोरेशनको हर हिसाबको जांच गर्ने कार्य प्रणाली पर्याप्त भए नभएको कुरा खोली आफू छेउ रिपोर्ट पेश गर्न जुनसुकै समय अडिटरलाई निर्देश गर्न र हिसाब जाँचको कार्य क्षेत्र बढाउन अथवा जनहितको लागि आवश्यक छ भन्ने लागेमा अर्के किसिमको हिसाब जाँचको कार्यविधि अपनाउन वा अडिटरबाट अर्क किसिमको जाँचबुझ गराउन निर्देश गर्न सक्नेछ।

# परिच्छेद ५

## विविध

**२८. करपोरेशनको कामकाजको जाँच पडताल गर्ने आदेश दिने श्री ५ को सरकारको अधिकार:—**

(१) श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी करपोरेशनको कामकाज जाँच बुझ गर्न एउटा इन्स्पेक्टर नियुक्त गर्न सक्नेछ

९८५ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर यस्तो जाँच गराउन लागेको खर्च कर्पोरेशनले व्यहोर्न करलाग्ने छैन ।

(२) उपदफा (१) अन्तर्गत नियुक्तभएको इन्स्पेक्टरले कर्पोरेशन संग रहेका सबै खाता र कागजपत्र जाँचनपाउने छ ।

(३) यस दफा अन्तर्गत नियुक्त भएको इन्स्पेक्टरले श्री ५ को सरकार छेउ आफ्नो रिपोर्ट पेश गर्नेछ ।

२९. करपोरेशनलाई श्री ५ को सरकारबाट मिति निर्देशनः- यो ऐन र श्री ५ को सरकारको औद्योगिक मिति अनुसार समितिले करपोरेशनको काम काज गर्नेछन् ।

३०. संचालकहरुको बचाउः-(१) जानी जानी हेलचक्र्याई वा गफलतले गरेकोमा बाहेक करपोरेशनको कार्य सम्पादन गर्दा समितिको कामबाट हुन गएको नोक्सानीको लागि समितिको संचालक जिम्मेदार हुनछैन ।

(२) कुनैपनि संचालक करपोरेशनको अरू कुनै संचालक वा अफिसरका कर्मचारीको लागि वा करपोरेशनको निमित्त प्राप्त गरएको वा लिइएको सम्पत्तिको मूल्य वा हक घटनगएको वा नपुगहुनगएबाट भएको खर्च वा नोक्सानीको लागि वा करपोरेशन प्रति जिम्मेवार भएको व्यक्तिले गरेका गफलतको लागि वा आफ्नो अफिस वा अफिस सम्बन्धी हुनेकाम असल नियत साथ गर्दा करपोरेशन लाई भएको नोक्सानी वा खर्चको निमित्त जिम्मेदार हुनेछैन ।

३१. दण्डसजायः- (१) यस ऐन अन्तर्गत करपोरेशनले दिएको सुविधाको निमित्त करपोरेशन संग धरौटी राखिएको वा राख्नलागेको कुनै विल अफ सेडिंग गोदामको रसिद वा अरू कुनै कागजातमा कसैले जानी जानी झुट्ठा व्यहोरा पारेमा वा जानी जानी पार्न लगाएमा सो व्यक्तिलाई दुइवर्ष सम्म कैदै वा रु. २०००। दुइहजार सम्म जरिवाना वा दुवसजायहुनेछ ।

(२) कसैले दफा २८ अन्तर्गत नियुक्त भएको इन्सपेक्टरलाई निजको कामकाजमा बाधाबिरोध गरेमा अथवा निजले कानून बमोजिम मागेको कागजपत्र र सूचना कुनै मनासिव कारणविना नदिएमा अथवा दिन लापरबाही गरेमा निजलाई रु. १०००। एकहजार सम्म जरिवाना हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[३] कसैले करपोरेशनको लिखित स्वीकृति नलिई कुनै विवरण पत्र वा विज्ञापनमा करपोरेशनको नाम प्रयोग गरेमा निजलाई ६ महीना सम्म कैद वा रू. १०००। एकहजारसम्म जरीवाना वा दुवै सजाय हुनेछ।

[४] तत्काल संचालक रहेको कुनै व्यक्तिले दफा १८ लाई उल्लंघन गरी ठेक्का पट्टा लिएमा निजलाई दुवै वर्षसम्म कैद वा रु, ५०००। पाँच हजार सम्म जरीवाना वा दुवै सजाय हुनेछ ।

[५] करपोरेशनबाट सोही कामको निमित्त अधिकृत अफिसरको हस्ताक्षर भएको लिखित उजुरी पेश भएमा बाहेक यस ऐन अन्तर्गत सजाय हुने कुनै कसूरका सम्बन्धमा कुनै अदालतले मुद्दा हेर्न सक्दैन ।

[६] यस दफा अन्तर्गत सजाय हुने कसूर सम्बन्धी कारबाईमा बडाहाकिम अथवा मेजिष्ट्रेटले जांचबूझ गरी फैसला गर्नेछ र त्यस उपरको अपील सर्वोच्च अदालतमा लाग्नेछ र सर्वोच्च अदालतले बनाएका नियमहरूअनुसार त्यसको किनारा लाग्नेछ ।

३२. <u>विनियमहरू बनाउने समितिको अधिकारः-</u> [१] समितिले यस ऐनसंग नवाझिने गरी विनियमहरू बनाउन सक्नेछ, ती विनियमहरू श्री ५ को सरकारबाट स्वीकृत भएपछि लागू हुनेछन् । सो विनियमहरूमा यस ऐनका कुराहरूलाई कार्यान्वित गर्नको निमित्त आवश्यक र उपयुक्त भएका सबै कुराहरू समावेश हुनसक्ने छन् ।

[२] उपरोक्त अधिकारको सर्व साभान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी ती विनियमहरूमा देहायका कुराहरूको व्यवस्था हुन सक्नेछ।

[क] यस ऐन अन्तर्गत निर्वाचन गराउने, संचालन गर्ने, र निर्वाचन बैध भए नभएकोबारे उठेको शंका अथवा विवादमा अन्तिम निर्णय गर्ने ।

[ख] करपोरेशनको शेयरहरूको प्रथम वितरण गर्ने तरीका र शर्तहरू।

[ग] करपोरेशनका शेयरहरू ग्रहण र नामसारी गर्ने तरीका तथा शर्तहरू र साधारणतः शेयर होल्डरहरूका अधिकार र कर्तव्य सम्बन्धी सबै कुराहरू ।

[घ] साधारण सभा बोलाउने र सभाका मिनटहरू राख्ने तरीका त्यसमा अपनाउनु पर्ने कार्यबिधि र मत्त प्रयोग गर्ने तरीका ।

[ङ] करपोरेशनद्वारा नीकालिने बोन्ड तथा डिबेञ्चरहरूको विवरण र त्यसको भुक्तानी।

१७८ (आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[च] समितिको सभा बोलाउने, सो सभामा उपस्थित हुँदा पाउने दस्तूर र त्यसको कार्य संचालन।

[छ] कर्जा अथवा पेश्की दिंदा करपोरेशनले राख्नसक्ने शर्तहरू।

[ज] दफा १६ को खण्ड [ख] अन्तर्गत लिइएको धरौटी पर्याप्त भए नभएको ठेगाना लगाउने तरीका।

[झ] यस ऐन अन्तर्गत चाहिएको रिटर्न र विवरणका फारामहरू।

[ञ] करपोरेशनका अफिसर, अरू कर्मचारी, सल्लाहकार र एजेण्टहरूको सेवाका शर्त, मेहनताना, अधिकार, कर्तव्य र आचरण।

[ट] करपोरेशनका कर्मचारीहरूका निमित्त प्रोविडेण्ट अथवा अरू वेनिफिट कोषहरूको स्थापना र संचालन।

[ठ] यस ऐनका उद्देश्यहरू कार्यान्वित गर्नको निमित्त चाहिने प्राविधिक र अरू सल्लाहको निमित्त सल्लाहकार कमिटीहरू नियुक्त गर्ने, र

[ड] साधारणतः करपोरेशनका काम कुराहरूको कुशल कार्य संचालन गर्न आवश्यक भएका अरू सबै कुराहरू।

३३. यही ऐन लागू हुने:- प्रचलित नेपाल कानूनमा जेसुकै लेखिएको भएतापनि यस ऐनमा लेखिएका कुराहरूमा यही ऐन बमोजिम हुनेछ।

लालमोहर सदर मितिः २०१६।२।१३।४

आज्ञाले—
नयनबहादुर खत्री
श्री ५ को सरकारका सचिव
कानून तथा संसदीय प्रबन्ध मन्त्रालय

९६२

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरब



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ